25 April 2024

National News

<u>मुख्य समाचार</u>

- लोकसभा चुनाउको दोस्रो चरणको मतदानका लागि तयारी पूरा, मतदान भोलि
- लोकसभा चुनाउको चौथो चरणका लागि मनोनयन पत्र बुझाउने क्रम सकियो
- श्री मोदी र श्री गान्धीले आचार संहिताको उल्लंघन गरेको मामिला निर्वाचन आयोगको संज्ञानमा
- तेस्रो चरणको चुनाउका लागि प्रचार अभियानले लियो गति
- आतंकवादी अनि अपराधीहरूद्वारा गरिने सूचना अनि सञ्चार प्रौद्योगिकीको दुरुपयोग रोक्न भारतले निरन्तर सहयोग जारी राख्ने
- आर्चेरी विश्व कपमा भारतीय पुरुष अनि महिला कम्पाउन्ड टीम अनि पुरुष रिकर्भ टीम फाइनलमा
- आइपीएलमा अहिले हैदराबाद र बेङ्गलुरुमाझ भिडन्त हुँदै

<u>लोकसभा चुनाउ -दोस्रो चरण</u>

लोकसभा चुनाउको दोस्रो चरणको मतदानका लागि पूर्ण तयारी भएको छ । भोलि 26 अप्रेलको दिन दोस्रो चरणको मतदान हुनेछ। दोस्रो चरणमा 12 राज्य र एक केन्द्र शासित प्रदेशका 88 सिटका लागि मतदान हुनेछ। जसमा केरलका 20, कर्नाटकका १४, राजस्थानका १३, उत्तर प्रदेश र महाराष्ट्रका ८–८, मध्य प्रदेशका ६, असम र बिहारका ५–५, पश्चिम बंगाल र छत्तीसगढका तीन तीन अनि मणिपुर, त्रिपुरा र जम्मू–कश्मीरका एक एक सिट रहेका छन्। बहुजन समाज पार्टीका उम्मेदवारको मृत्यु भएपछि मध्य प्रदेशको बैतुल संसदीय सीटमा दोस्रो चरणको मतदान तेस्रो चरणमा हुने भएको छ। यस चरणमा कुल एक हजार 198 जना उम्मेदवार चुनावी मैदानमा छन् । बाहिरी मणिपुर लोकसभा सीटको रहल भागको लागि पनि यही चरणमा मतदान हुनेछ।

<u>लोकसभा चुनाउ - चौथो चरण</u>

लोकसभा चुनाउको चौथो चरणका लागि मनोनयन पत्र बुझाउने आज अन्तिम दिन थियो। भोलि नामाङ्कन पत्रहरूको जाँच हुनेछ । उम्मेदवारले 29 तारिकसम्ममा आफ्नो नाम फिर्ता लिन सक्नेछन् । यस चरणमा, 13 मईको दिन नौ राज्य र एक केन्द्र शासित प्रदेशका 96 लोकसभा सीटहरूका लागि मतदान हुनेछ। यस चरणमा उत्तर प्रदेश, मध्य प्रदेश, महाराष्ट्र, बिहार, झारखण्ड, ओडिशा, पश्चिम बंगाल, आन्ध्र प्रदेश, तेलंगाना र जम्मू कश्मीरमा मतदान हुनेछ।

चुनाउ आयोग नोटिस

भारतीय जनता पार्टी भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदी अनि कंग्रेस नेता श्री राहुल गान्धीले आदर्श चुनाउ आचार संहिताको कथित उल्लंघन गरेको मामिलालाई निर्वाचन आयोगले संज्ञानमा लिएको छ। निर्वाचन आयोगले भाजपा अध्यक्ष श्री जगत प्रकाश नड्डा अनि कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेलाई यसै महिनाको 29 तारिक बिहान 11 बजीसम्ममा उत्तर माग्दै पत्राचार गरेको छ।
पत्रमा निर्वाचन आयोगले सबै प्रमुख प्रचारकहरूलाई राजनीतिक संवादको उच्च मापदण्ड स्थापित गर्न र आदर्श आचार संहिताका प्रावधानहरू पालन गर्न निर्देशन दिएको छ। राजस्थानको बांसवारामा चुनावी जनसभाका क्रममा भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले दिएको भाषण आपत्तिजनक रहेको कंग्रेस, सीपीआई र सीपीआईएमले गुनासो गरेका थिए। सोही प्रकारले भाजपाले केरलको कोट्टायममा कंग्रेस नेता श्री राहुल गान्धीको चुनावी भाषण आपत्तिजनक रहेको भन्दै उजुरी गरेको थियो।

कंग्रेस-भाजपा

भारतीय जनता पार्टीले कंग्रेसको घोषणापत्रलाई गलत ढङ्गमा प्रस्तुत गरेको कंग्रेसले आरोप लगाएको छ। कंग्रेसका वरिष्ठ नेता श्री जयराम रमेशले आज नयाँ दिल्लीमा पत्रकारहरूसित कुराकानी गर्दै भन्नुभयो, भारत जोड़ो यात्रा अनि भारत जोड़ो न्याय यात्राका अवधिमा मानिसहरूको मत बुझेर कंग्रेसले आफ्नो घोषणा पत्र तयार गरेको हो।
कंग्रेसको घोषणा पत्रमा नभएका मुद्दाहरू भाजपाले उठान गरेको आरोप कंग्रेसले लगाएको छ। कंग्रेसले बढ्दो महँगाई अनि बेरोजगारीका लागि भाजपालाई जिम्मेदार ठहर गर्दै भनेको छ, कंग्रेस जनताका मुद्दामा चुनाउ लड़्न चाहन्छ।

चुनाउ प्रचार

लोकसभा चुनाउको तेस्रो चरणको मतदानका लागि चुनावी प्रचार प्रसार तिब्रगतिमा अघि बढिरहेको छ। यस चरणमा ७ मईको दिन १२ राज्यका ९४ सिटमा मतदान हुनेछन्। तेस्रो चरणमा कुल एक हजार तीन सय ५१ उम्मेदवार चुनावी मैदानमा छन्। यस चरणमा गुजरातका २५, असमका ४, बिहारका ५, छत्तीसगढका ७, उत्तर प्रदेशका १०, महाराष्ट्रका ११, कर्नाटकका १४, पश्चिम बंगालका ४, मध्य प्रदेशका ९, गोवा र दादरा नगर हवेलीका २–२ अनि जम्मू कश्मीरको एउटा सिटका लागि मतदान हुनेछ।
राजनीतिक दलका प्रमुख नेता एवम् उम्मेदवारहरूले अहिले जोडतोडले चुनाउ प्रचारलाई निरन्तरता दिइरहेका छन्।

यसक्रममा, आज भारतीय जनता पार्टीका वरिष्ठ नेता एवम् प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मध्य प्रदेशको मोरेना, उत्तर प्रदेशको आगरा अनि शाहजहांपुरमा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो।

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवम् केन्द्रीय मन्त्री श्री राजनाथ सिंहले आज लखिमपुर खेरी जिल्लामा जनसभालाई सम्बोधन गर्नुभयो।

बहुजन समाजवादी पार्टीका संयोजक श्री आकाश आनन्दले वाराणसीमा जनसभालाई सम्बोधन गर्नुभयो। कंग्रेस प्रवक्ता श्री पवन खेराले लखनउमा पार्टी कार्यकर्ताहरूसँग बैठक गर्नुभयो।

अर्कोतिर, श्री शरद पवारको नेतृत्वमा रहेको राष्ट्रवादी कंग्रेस पार्टीले आज पुणेमा आफ्नो घोषणा पत्र जारी गऱ्यो।

आम आदमी पार्टीले मुख्यमन्त्री श्री अरविन्द केजरीवालको गिरफ्तारी विरुद्ध आज नयाँ दिल्लीमा विरोध प्रदर्शन गऱ्यो। पार्टीले 'जेलको उत्तर भोट' नारासितै प्रचार अभियान सञ्चालन गरिरहेको छ।

## डोभाल- सुरक्षा बैठक

राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालले भन्नुभएको छ, आतङ्की फण्डिङको विरोध गर्नका लागि आतंकवादी अनि अपराधीहरूद्वारा गरिने सूचना अनि सञ्चार प्रौद्योगिकीको दुरुपयोग रोक्ने कार्यमा भारतले निरन्तर सहयोग जारी राख्नेछ। रुसको सेन्ट पिटर्सबर्गमा सुरक्षा मामिलाका उच्चस्तरीय अधिकारीहरूको १२औँ अन्तर्राष्ट्रिय बैठकमा सहभागी हुँदै श्री डोभालले यस्तो विचार साझा गर्नुभएको हो।

बहुकेन्द्रित विश्वमा सूचना सुरक्षा सुनिश्चित गर्ने पूर्ण सत्रमा आफ्नो विचार व्यक्त गर्दै, श्री डोभालले समावेशी आर्थिक वृद्धिको लागि डिजिटल प्रविधिको प्रयोग गर्ने भारतको नीतिप्रति विशेष बल दिनुभयो। उहाँले सूचना सुरक्षा सुनिश्चित गर्न खुल्ला, स्थिर, सुरक्षित, भरपर्दो र समावेशी ढाँचाका लागि अन्तर्राष्ट्रिय सहयोगको निम्ति आह्वान गर्नुभयो।

यसअवसरमा श्री डोभालले ब्राजिलका राष्ट्रपतिका मुख्य सल्लाहकार श्री सेल्सो अमोरिम, रुसी सुरक्षा परिषद्का सचिव श्री निकोलाई पात्रुसेभ अनि म्यानमारका सुरक्षा सल्लाकार एडमिरल मो आङसँग छुट्टा छुट्टै द्विपक्षीय वार्ता गर्नुभयो। भेटमा आपसी हितका द्विपक्षीय, क्षेत्रीय र वैश्विक विषयमा छलफल भएका थिए ।

आर्चेरी विश्वकप

चीनको शंघाईमा भइरहेको आर्चेरी विश्व कपको पहिलो चरणमा भारतीय पुरुष अनि महिला कम्पाउन्ड टीम अनि भारतीय पुरुष रिकर्भ टीम फाइनलमा पुगेका छन्।

अभिषेक वर्मा, प्रियांश अनि प्रथमेश फुगेको भारतीय पुरुष कम्पाउन्ड टीमले हिजो सेमीफाइनलमा दक्षिण कोरियालाई पराजित गऱ्यो। ज्योति सुरेखा वेन्नम, अदिति गोपीचंद अनि परनीत कौरको महिला टीमले एस्टोनियालाई पराजित गरेर फाइनलमा प्रवेश लियो।

अब 27 तारिक फाइनलमा पुरुष कम्पाउन्ड टीमको भिडन्त नीदरल्यान्ड्ससँग अनि महिला कम्पाउन्ड टीमको भिडन्त इटलीसित हुनेछ।

सोही प्रकारले आज भारतीय पुरुष रिकर्भ टीम फाइनलमा पुगेको छ। धिरज बोम महादेवारा, तरुणदीप राई अनि प्रवीण रमेश जादवको भारतीय टीमले अब 28 तारिक फाइनलमा कोरियासित भिड्नेछ।

आइपीएल

आईपीएल क्रिकेटमा अहिले हैदराबादमा सनराइजर्स हैदराबाद र रोयल चैलेन्जर्स बेंगलुरुमाझ खेल शुरुभएको छ। हिजो सम्पन्न रोमाञ्चक खेलमा डेल्ही कैपिटल्सले गुजरात टाइटन्सलाई 4 रनले पराजित गरेको थियो।